सम्मरीमाई गाउपालिका कार्यालय
परसा, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७४

# सम्मरीमाई गाउपालिका

## प्रथम गाउँसभाबाट पारित निर्णय

निर्णय नं. १ :क) यस सम्मरीमाई गाउपालिका को आ.व. ०७४।०७५ का लागि विषयगत समितिहरुबाट पेश हुन आएको योजना तथा कार्यक्रमका लागि चालु खर्च तर्फ रु १५ करोड १६ लाख १३ हजार र पुजीगत खर्च तर्फ रु.१९ करोड ३३ लाख ९ हजार १ सय ५१ रुपैया ९७ पैसा गरी कुल रकम रु. ३४ करोड ४९ लाख २२ हजार १ सय ५१ रुपैया ९७ पैसा मात्र को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :वडा नं.७,५,२३ को दनाव नदि किनरा प्रकोप व्यवस्थापनको दृष्टीले उच्च जोखिम भएको र ठोठरी जाने बाटो देखि पश्चिमका बस्तीहरु प्रत्येक बर्ष डबानमा परि नोक्सानी हदा दिगो समाधानका लागि केन्द्रीय निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** :तपशिल बमोजिमका सडकहरुको मापडण्ड निम्न अनुसार तोक्ने निर्णय गरियो ।

| सि. नं | सडकको नाम | प्रस्तावित मापदण्ड | कैफियत |
|---|---|---|---|
| मुख्य सडक | | | |
| १ | दुई मुहान देखि बेतकुईया,रोईनीहवा थुम्हवा हुदै भारत जाने उत्तर दक्षिण सडक | | राष्ट्रिय सडक मापडण्ड अनुसार |
| २ | पर्सहवा जिगना पेटोलपम्प हुदैं करौता सम्म बाटो | | राष्ट्रिय सडक मापडण्ड अनुसार |
| ३ | वडा नं.१ सिमाना देखि रायपुर जाने पश्चिम पुर्ब सडक | | राष्ट्रिय सडक मापडण्ड अनुसा |

| सि. नं | सडकको नाम | प्रस्तावित मापदण्ड | कैफियत |
|---|---|---|---|
| वडा नं. १ | | | |
| | | | |
| १ | १ नं करौता देखि गाव टोल सम्म | ३० फुट | |
| २ | पिपरी पीच देखि कुटवा जाने बाटो | २० फुट | |
| ३ | रामनगर झगरहवा देखि दक्षिण मर्चबारी गा.पा सडक | २० फुट | |
| ४ | करौता मन्दिर पश्चिम जाने सडक | २० फुट | |
| ५ | करौता मन्दिर देखि पश्चिम बोर्डर तर्फ जाने | ३० फुट | |

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही
५ नं प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ६ | करौता स्कुल देखि दक्षिणपूर्व गणेशपुर पर्काडहवा जाने बाटो | २० फुट | |
| ७ | करौता स्कुल देखि बंशीडिह बोर्डर तर्फ जाने सडक | २० फुट | |
| | | | |
| वडा नं. २ | | | |
| १ | बनगाई पीच देखि मजगावा हुदै मुडिला बोर्डर | ३० फुट | |
| २ | चौरी मुलसडक नहर देखि चौरी हरनहिया सडक | २० फुट | |
| ३ | बरवासी चोक देखि वडा कार्यालय हुदै बोर्डर जाने सडक | २० फुट | |
| ४ | ठिकहवा पीच देखि दक्षिण मजिगावा जाने सडक | २० फुट | |
| ५ | बनगाई पीच देखि पश्चिम पडरहिया जाने बाटो | ३० फुट | |
| ~~६~~ | ~~बनगाई पीच देखि पश्चिम पडरहिया जाने बाटो~~ | ~~३० फुट~~ | |
| | | | |
| वडा नं. ३ | | | |
| १ | गुलरिया चोक देखि भित्री पुर्वजाने बाटो | २५ फुटे | |
| २ | थुम्हवा देखि थाना हुदै नदि किनारा सम्म बाटो | ३० फुटे | |
| ३ | गुलरिया चोक देखि थुम्हवा जाने सडक | ३० फुट | |
| ४ | मुलसडक देखि स्वास्थ्य चौकी हुदै बनगाव,फरेना सम्म बाटो | २० फुटें | |
| ५ | मुल सडक थुम्हवा पीच देखि वडा कार्यालय जाने बाटो | ३० फुटे | |
| ६ | बनगावा देखि ठेकहवा सडक | ३० फुट | |
| ७ | मुल सडक देखि गुलरिया जाने सडक | ३० फुट | |
| ८ | मुल सडक ज्ञान ज्योति स्कुल हुदै फरेना जाने बाटो | ३० फुट | |
| ९ | मुल सडक पीच बनगाई देखि बनगावा जाने सडक | ३० फुट | |
| वडा नं. ४ | | | |
| १ | जिगना गाउचोक देखि फरेना हुदै रोईनीहवा सिमान सम्म बाटो | ३० फुटे | |
| २ | सुदेसर पुल देखि सिद्धनाथसम्मको नहरसडक | ४५ फुट | |
| ३ | केरहवागाउ देखि पकडिहवा सम्मको बाटो | २२ फुटे | |
| ४ | सुदेसर नहर पुल देखि सुदेसर गाउ हुदै पश्चिम नाला सम्मको सडक | २२ फुटे | |

गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही
५ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ५ | सिद्धनाथ नहरपुल देखि सिद्धनाथ गाउ हुदै केरहवा सिमाना सम्मको बाटो | २२ फुटे | |
| ६ | सिरपतको घरदेखि विजगौरी गाउ हुदै उत्तर जाने बाटो | २२ फुट | |
| ७ | जिगिना पोखरी देखि पिप्रहिया गाउ हुदै बनगाई पीच सम्मको बाटो | ३० फुट | |
| ८ | जिगना चोक देखिजनता नि.मा.वि.हुदैबीचौवापुर जाने सडक बाटो | ३० फुट | |
| ९ | फरेना देखि फरेना गा.पा. जाने बाटो | ३० फुटे | |
| | | | |
| वडा नं. ५ | | | |
| १ | रोइनीहवा स्कुल देखि रोईनीहवा जाने बाटो | ३० फुट | |
| २ | मुल सडक देखि भर्तापुर गाउ जाने बाटो | ३० फुट | |
| ३ | मुलसडक देखि सुदेसर जाने बाटो | २४ फुट | |
| ४ | रोईनीहवा गाउ देखि भरवलिया हुदै खोलापारी जाने बाटो | २४ फुटे | |
| ५ | चक्की डिह देखि खोला पारी जाने बाटो | २४ फुट | |
| ६ | दुवे थुम्हवा देखि भटौली जाने बाटो | २४ फुट | |
| ७ | देवान डिह गाउदेखि फरेना सिमाना सम्म | २४ फट | |
| ८ | पाण्डे डिह देखि फरेना सिमाना जाने बाटो | २४ फुट | |
| वडा नं. ६ | | | |
| | | | |
| १ | अशुरैना गाउ देखि सिद्धनाथ चोक बाटो | ३० फुटे | |
| २ | डीहुली गाउँ देखि अशुरैना हुदै नहर सम्म वाटो | ३० फुटे | |
| ~~३~~ | ~~डीहुली गाउँ देखि अशुरैना हुदै नहर सम्म~~ बाटो | ~~३० फुटे~~ | |
| | | | |
| वडा नं. ७ | | | |
| १ | बेतकुईया मुलसडक देखि सिद्धनाथहुदै नहरजोड्ने बाटो | ३० फुटे | |
| २ | पशुपति तरकारी संकलन केन्द्र कृषक आ.उ.मा.वि.हुदै शवदाह सम्म जानेबाटो | ३० फुटे | |
| ३ | मूलसडक देखि मदरशा हुदै पर्सहवा सडक | ३० फुटे | |
| ४ | बेतकुईया चोक देखि वडा कार्यालय हुदै पश्चिम दानवनदी सम्म बाटो नाका सडक | ३० फुटे | |
| ५ | मूल सडक हर्दी देखि दानव नदि जाने नाकासडक | ३० फुट | |
| ६ | | | |
| ७ | | | |

नोट : भवन संरचना निर्माण गर्दा ६ फुट न्युनतम सेडब्याक छोड्नु पर्नेछ

निर्णय नं. ४

तपशिल बमोजिमका सार्वजनिक जग्गाहरुको निम्न अनुसार संरक्षण गर्ने निर्णय गरियो ।

| क.स. | ठ गाना | अनुमानित जग्गा | जग्गाको प्रकृती |
|---|---|---|---|
| वडा नं. १ | | | |
| १ | पोखरी ठूलो | २-०-० | |
| २ | सानो ताल | २-१०-० | |
| ३ | पिपरी टोल | १-०-० | पोखरी |
| ४ | करौता टोलको ताल | १-१०-० | |
| | | | |
| वडा नं. २ | | | |
| १ | मजगावा गाउपश्चिम गडाहा | १-१०-० | |
| २ | मूडिला | ०-१०-० | |
| ३ | बनगाई | २-३-० | |
| ४ | चौरी | ०-४-० | |
| ५ | बयरवासी | १-३-० | |
| वडा नं. ३ | | | |
| १ | थुम्हवा राम जानकी सार्वजनिक जग्गा | २-३-० | |
| २ | तरैनी ताल | २-१३-० | |
| ३ | पण्डित पोखरी | २-३-० | |
| ४ | बडका गडाहा | २-३-० | |
| ५ | गुलरिया ठूलो पोखरी | | |
| ६ | शिवमन्दिर नजिक पोखरी थुम्हवा | | |
| ७ | बनगावा पोखरी | | |
| वडा नं. ४ | | | |
| १ | सिद्धनाथ मन्दिर,सामुदायिक भवन | ०-१२-० | |
| २ | जिगना पश्चिम नाला | ०-२-० | |
| ३ | फरेना गाउ दक्षिण | १-१२-० | ४ वटा गडहा |
| ४ | पश्चिम जिगना मदरशा | ०-७-० | |
| ५ | फरेना गाउ कालि मन्दिर जग्गा | ०-१-० | |
| ६ | फरेना उत्तर ठूलो पोखरी | २-१३-० | |
| ७ | सुदेसर गाउमा गडहा गाउको दक्षिण खरिहान नेर | १-३-० | २ वटा |
| ८ | सुदेसर गाउको उत्तर | ०-५-० | |
| ९ | सुदेसर गाउको सडक किनारा उत्तर | ०-२-० | |
| १० | नदि,ताल सुदेशर र सिद्धनाथ गाउ बीच | १८-२-० | |

| | | | |
|---|---|---|---|
| ११ | सुदेसर दुर्गा मन्दिर | ०-५-० | |
| १२ | छोटकी बीजगौरी गाउँको उत्तर पोखरी | ०-३-० | |
| १३ | छोटकी बीजगौरी गाउँको पश्चिम पोखरी | ०-५-० | |
| १४ | छोटकी बीजगौरी गाउँकमा पोखरी | ०-४-० | |
| १५ | वडकी बिजगौरी गाउँको पश्चिम पोखरी | ०-५-० | |
| १६ | वडकी बिजगौरी गाउको दक्षिण सार्वजनिक जग्गा | ०-७-० | |
| १७ | दुदुरा नाला | २-०-० | |
| १८ | ज्नता आधारभुत विद्ययालयको पुर्व सार्वजनिक जग्गा | ०-२-० | |
| वडा नं. ५ | | | |
| १ | रोईनीहवा वडा कार्यालय रहेको सार्वजनिक जग्गा,पोखरी | २-७-४ | सामुदायिक भवन ,पुस्तकालय,शिव मन्दिर,हे.पा.,विद्यालय,प्रहरी चौकी,खा.पा. बोरीड. |
| २ | खब्डौर गाउ पोखरी | ०-१५-० | पोखरी ३ वटा पोखरी |
| ३ | खब्डौर गाउ सार्वजनिक पोखरी | ११-१०-० | |
| ४ | रोईनीहवा गाउ भित्र पोखरी | ०-१२-० | २ पोखरी |
| ५ | रोईनीहवा गाउमा सार्वजनिक जग्गा | ६-०-० | ८ पर्ती |
| ६ | देवान डिह गाउमा सार्वजनिक जग्गा | ३-६-० | ८ पर्ती |
| ७ | पाण्डे डिह | ५-५-० | ८ पर्ती |
| ८ | दुवे थुम्हवा पोखरी | १-६-० | सामुदायिक भवन,ना.स.के |
| ९ | पाण्डे डिह पोखरी | ०-६-० | |
| १० | भरवलिया खोला पारी जग्गा | ६-५-० | |
| ११ | चक्की डिह खोलापारी | ७-६-० | |
| १२ | तरैनी ताल | २-०-० | |
| १३ | तरैनी गाउ भित्र पोखरी | ०-४-० | |
| १४ | सुदेशर गाउँको पुर्व गडहा | १-०-० | |
| १५ | सुदेशर गाउँको उत्तर गडहा | ०-७-० | |
| १६ | सुदेशर गाउँको पश्चिम गडहा | ०-५-० | |
| १७ | सुदेशर सामुदायिक भवन र दर्गा मन्दिर | ०-५-० | |
| १८ | सिद्धनाथ र सुदेशर गाउँको बीचमा नाला | २०-०-० | |
| १९ | सार्वजनिक भवन सिद्धनाथ | ०-७-० | |
| २० | जनता आधारभुत विद्ययालय | १-०-० | |

फरेना, रुपन्देही
५ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २१ | फरेना प्रा.वि फरेना | [illegible]-०-० | |
| वडा नं. ६ | | | |
| १ | पोखराहवा गाउमा पोखरी | १-०-० | |
| २ | पोखराहवा गाउ उत्तर | ०-३-० | |
| ३ | बेलाहवा गाउ किनारामा पोखरी | ०-२-० | |
| ४ | डिहुली गाउ किनारामा पोखरी | ०-३-० | |
| ५ | डिहुली गाउको पश्चिम पोखरी | ० १-० | |
| ६ | महदेईया गाउमा पोखरी | ०-३-० | |
| ७ | महदेईया गाउ पूर्व पोखरी | ०-१०-० | |
| ८ | महदेईया गाउको पश्चिम पोखरी | ०-१०-० | |
| १० | रुदलापुर गाउँको पश्चिम तर्फ पोखरी | ०-२-० | |
| ११ | रुदलापुर गाउँको बीचमा पोखरी | ०-२-० | |
| १२ | रुदलापुर गाउँमा पोखरी | ०-१-० | |
| १३ | रुदलापुर गाउँको दक्षिण पोखरी | ०-१०-० | |
| १४ | शिवपुर दुम्माको बीचमा | ०-५-० | |
| वडा नं. ७ | | | |
| १ | केराहा भैसागहन | ०-५-० | पोखरी |
| २ | विष्णु सा.ज.व्य | २-०-० | सामुदायिक वन |
| ३ | सदाबहार सा.ज.व्य | २-६-० | सामुदायिक बन |
| ४ | कालिमन्दिर पोखरी | ०-६-० | |
| ५ | शिवमन्दिर,कोटहीमाई थान पूर्व खाली जग्गा | ०-३-० | |
| ६ | केराहा भैसागहन नाला | ०-५-० | |
| ७ | पश्चिम भवन डिहवा | ०-५-० | |
| ८ | बेतकुईया टोल ६ ठाउमा | २-५-० | |
| ९ | नैडिहवा | ०-५-० | |
| १० | र्हर्दे | ०-८-० | |
| ११ | एकला | ०-४-० | |
| १२ | रामनगर ३ ठाउमा | ०-१८-० | |
| १३ | मुर्दाहवा | ०-४-० | |
| १४ | न्कहिया नाला | १-१०-० | |

**निर्णय नं. ५** कृषी क्षेत्रमा टाउन प्लानको लागि स्वीकृती नदिने र जथाभावी सडकको ट्रयाक खोल्ननदिने निर्णय गरियो । कृषकको गर्जो टार्न कित्ता काट गरि केही अंश बेच विखन गर्न चाहेमा कुनै पनि रोक नलगाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

गाँउपालिकाले विभिन्न निकायहरुको साझेदारीमा वृक्षारोपण लगायतका अन्य वातावरण संरक्षणका कृयाकलाप संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

गाँउपालिकाको मुख्य सडक र आसपासको सडक बत्तीको व्यवस्थाको लागि उद्योग वाणिज्य संघ / संगठन र टोल सुधार समिति मार्फत सहकार्य गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

गाउपालिकाका वस्तिहरुको भूगोल, भौतिक संरचना, जनघनत्व र जातजातीहरुको वसोवासको आधारमा न्यूनतम १०० देखि १५० घरधूरीहरुलाई समेटी टोल सुधार समिति गठन गर्ने निर्णय गरियो । टोल सुधार समितिको निर्माण तथा संचालन कार्यविधी देहाय अनुरुप हुने निर्णय गरियो ।

**टोल सुधार समितिको संरचना र कार्यविधि**

१. ७ देखि ११ जनाको कार्य समिति हुनेछ ।
२. अध्यक्ष ,उपाध्यक्ष,सचिव र कोषध्यक्ष मध्ये दुई जना अनिवार्य महिला हुनु पर्नेछ ।
३. कार्य समितिमा अनिवार्य ३३ प्रतिशत महिला हुनु पर्नेछ ।
४. समितिको बैठक हरेक महिनाको १ पटक अनिवार्य र आवश्यकता अनुसार बस्न सक्नेछ । ५० प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुग्नेछ ।समितिले आवस्यकता अनुसार वडा अध्यक्ष अनिवार्य,वडा सदस्य र अन्य विषयगत अतिथि लाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
५. समितिले बैक खाता संचालन गर्न पाउनेछ । अध्यक्ष, सचिव र कोषाध्यक्ष को संयुक्त नाममा खाता संचालन गर्नु पर्नेछ ।
६. समितिले सामुदायिक कियाकलाप संचालन गरि आय आर्जन गर्न सक्नेछ ।
७. समितिले बर्षको १ पटक सार्बजनिक लेखा परिक्षण गरि खर्च को सार्वजनिक परिक्षण गराउनु पर्नेछ र त्यसको प्रतिलिपि गाउपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
८. टोल सुधार समिति हरु गाउपालिकामा दर्ता गर्नु पर्नेछ । दर्ता गर्दा कुनै शुल्क लाग्ने छैन ।

**टोल सुधार समितिका कार्यहरु :–**

१. गाउपालिकाभित्रका सार्वजनिक, पुरातात्त्विक, सास्कृतिक,ऐतिहासिक सम्पती तथा सम्पदाहरुको संरक्षण तथा पर्वद्धन गर्नु पर्ने ,
२. हरेक हप्ताको शनिवार विहान ६:३० देखि ७:३० सम्म सबै सदस्यहरु टोल तथा वस्तीको सरसफाईमा जुटाउनु पर्ने ,

३. नेपाल सरकार र गाउपालिकावाट संचालन हुने कार्यक्रम तथा आयोजनाहरुमा जन सहभागिता जुटाउने तथा कार्यक्रम तथा आयोजना संचालनमा गुणस्तरीय र पारदर्शिता गर्ने गराउने ,

४. व्यक्तिगत घटना दर्ता समयमै गर्न सु-सूचित गर्ने ,

५. समाजमा रहेका कुरिति बिरुद्ध अभियान संचालन गर्ने ,

६. लागुपदार्थ बिरुद्ध चेतना बृद्धि गर्दै सचेत गराउने र दिवा मदिरा निषेदित कार्यक्रम , सार्वजनिक स्थानमा सुर्तिजन्य पदार्थ प्रयोग मा रोक जस्ता अभियान संचालन गर्ने ,

७.विकासको लागिएक टोल एक पहिचान कायम गर्नुपर्ने ,

८. टोलका साना तिना झै झगडा समाधान गरी शान्तिपूर्ण वातावरण कायम गर्ने ।

९.उत्पादन मुलक काममा जोड दिदै स्वरोजगारका अवसरहरु सिर्जना गर्ने काममा अग्रसर हुनु पर्ने छ ।

१०. वालमैत्रि स्थानीय शासन लाई कार्यवन्यन गर्न वाल क्लवहरु गठन तथा परिचालनमा सहयोग गर्ने ।

**निर्णय नं. ९**

राजश्व परिचालनको क्षेत्रको विस्तार गर्न वर्षको एक पटक एक हप्ते कर सप्ताह संचालन गर्ने र उक्त कर-सप्ताहमा घुम्ती सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

गाँउपालिकाको समग्र विकासको लागि गुरु योजना निर्माण गर्न केन्द्रीय निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

गाँउपालिकाको सम्पुर्ण सार्वजनिक जमिन तथा सम्पतीको लगत तयार गरी संरक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

गाँउ क्षेत्रमा निर्माण हुने भवन तथा घरहरुमा संलग्न डकर्मी तथा मिस्त्रीलाई भवन संहिता सम्वन्धि तालिम निजी क्षेत्रको सहयोगमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

देहायका सदस्य रहने गरी गाँउपालिका स्तरिय पर्यटन प्रर्वद्धन तथा विकास समिति गठन गर्ने निर्णय गरियो ।

अध्यक्ष : सम्मरीमाई - जितेन्द्रनाथ शुक्ल

सदस्य : सम्मरीमाई- कुमारी प्रियका शाही सिंह

सदस्य : सम्मरीमाई -दिवाकर प्रसाद दुवे

सदस्य : सम्मरीमाई -दुर्गावति देवी केवट

सदस्य : सम्मरीमाई -शिवकुमार यादव

सदस्य सचिव : कार्यकारी अधिकृत टुकराज पाण्डे

**निर्णय नं. १४**

देहायका सदस्य रहने गरी गाँउपालिका स्तरिय जग्गा व्यावस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

अध्यक्ष : सम्मरीमाई -जितेन्द्रनाथ शुक्ल

सदस्य : सम्मरीमाई -१ देखि ७ वडा अध्यक्ष

सदस्य : सम्मरीमाई -चिनका अहिर

सदस्य : सम्मरीमाई -केतकी हरिजन

सदस्य : सम्मरीमाई -मिरा कोहार

सदस्य सचिव : नापी शाखा प्रमुख

**निर्णय नं. १५**

विद्यालयहरुको शिक्षाको गुणस्तर सुधार गर्न गाउ शिक्षा समिमिको भुमिका प्रभावकारी बनाउने र निर्वाचित जनप्रतिनिधि मार्फत अनुगमन, निरिक्षण कार्यलाई गति दिने निर्णय गरियो ।

**निर्णय नं.१६**

यस क्षेत्रमा विद्युत महशुल संकलन केन्द्र नहुदा आम जनताहरुलाई मर्का परेकोले यस गाउपालिका वा यस गा.पा.को पायक पर्ने स्थानमा विद्युत महशुल काउन्टर खोल्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस सम्मरीमाइगाउपालिका कृषी र कृषिउद्योगको प्रचुर संभावना भएकोले असल वन्धुत्व कायम गर्दै पर्यटन पर्वद्धन गर्न अन्य जिल्लाको गाउपालिका सँग भगिनी सम्वन्ध कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

एक गाँउ एक उत्पादनको अवधारणा अनुरुप यस गाउपालिका भित्र दुग्ध उत्पादन र तरकारी खेतीकोर माछ्रा पालन प्रयाप्त संभावना रहेकोले दुग्ध उत्पादन र तरकारी खेती र माछ्रा पालन व्यवसाय लाई पहिचानको रुपमा वजारीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

गाँउपालिकाको विकास निर्माणमा प्रयोग हुने विभिन्न तपशिल वमोजिमको निर्माण सामाग्रीको ल्याव टेस्ट गर्नुपर्ने निर्णय गरियो ।

**तपशिल**

- वाटो कालो पत्रे गर्दा माटो, वालुवा, गिट्टी तथा अलकत्रा को अनिवार्य ल्याव टेस्ट गर्नु पर्ने ।
- निर्माणमा प्रयोग हुने कुनै पनि सिमेन्टको ल्याव टेस्ट अनिवार्य हुनु पर्ने ।
- निर्माण कार्यमा प्रयोग हुने छड लगायत धातुका सामानहरु
- प्राविधिकको सल्लाह अनुसारका अन्य महत्वपूर्ण सामान

**निर्णय नं. २०**

सेवाग्राहीहरुलाई सम्मानका साथ सेवा दिन सेवाग्राही प्रति खुल्ला हृदयले सेवा दिने प्रणाली Smilling Serviceलागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

सवै वडाहरुमा रहेका नागरिक वडापत्रहरुलाई परिमार्जित गरि नया नागरिक वडापत्र राख्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस अघि सम्पन्न भएका गाँउकार्यपालिका बैठकका निर्णयहरु र आय व्यय हिसाव स्रेस्ता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

चालु आ.व.२०७४।०७५ को बजेट, नीति तथा कार्यक्रममा बजेट अनुरुप संशोधन गर्न गाँउकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

उपभोक्ता मार्फत आयोजना संचालन गर्दा मूल्यांकन विलको आधारमा भुक्तानी दिने प्रणाली लागु गरी पेश्की शुन्य प्रणाली लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

" कृषि,शिक्षा, स्वास्थ्य व्यवसाय, रोजगार ,समृद्ध सम्मरीमाई विकासको आधार " भन्ने विकास नारालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुलाई कार्यस्थलमा स्वीकृत ढाँचामा गाँउपालिकाको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेर मात्र अन्तिम भुक्तानी दिने व्यवस्थालाई अनिवार्य वनाउने निर्णय गरियो ।

**निर्णय नं. २७**

गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही
५ नं प्रदेश, नेपाल
२०७३

यस गाउँपालिकाद्धारा विभिन्न वडाहरुमा संचालन हुने विकास निर्माण आयोजनाहरुको बोलपत्र मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो सो मुल्याङ्कन गदा जनप्रतिनिधि को उपस्थितिमा गर्ने ।

| | |
|---|---|
| संयोजक | कार्यकारी अधिकृत |
| सदस्य | योजना प्रमुख (प्राविधिक) |
| सदस्य | लेखा प्रमुख |

**निर्णय नं. २८**

यस गाउपालिकाद्धारा विभिन्न वडाहरुमा संचालन भई सम्पन्न हुने सम्पूर्ण विकास निर्माण आयोजनाहरुको गुणस्तर मापन एवं प्रभाव मूल्यांकन गर्दै यस सम्बन्धमा भावी नीति तर्जूमा गर्ने कार्यमा सहयोग समेत पूऱ्याउने उद्देश्यले निम्नानुसारको योजना, जांचपास तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | कार्यकारी अधिकृत |
| सदस्य | प्रशासन प्रमुख |
| सदस्य | प्राविधिक प्रमुख |
| सदस्य | लेखा प्रमुख |
| सदस्य | योजना प्रमुख |

**निर्णय नं.२९**

प्रत्येक योजनावाट २ प्रतिशत रकम मर्मत सम्भार कोष र २ प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गर्ने निर्णय गरियो,सो को योजना तथा कार्यान्वयन गाउपालिकाबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०**

आ.व.०७४।७५ को जिन्सी निरीक्षण, जिन्सी लिलाम, मिनाहा गर्ने कार्यको लागि गाउपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

गाउपालिकावाट संचालित योजनाहरुमा कम्तिमा १० (दश) प्रतिशत लागत सहभागिता/जनसहभागिता जूटाउने गरी आयोजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२**

गाउपालिकाको सिमा क्षेत्र भित्र रहेका सम्पुर्ण व्यक्तिगत एवं सार्वजनिक जग्गाको पून:नापी गरी नयां नाप नक्शा तयार गर्नका लागि केन्द्रिय निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

प्रत्येक वर्ष एक वडा र सडकलाई नमूना सडकको रुपमा विकास गर्ने नीति अनुरुप सडकलाई कालोपत्रे, वृक्षारोपण, नियमित सरसफाई, मर्मतसम्भार गर्ने लाई पुरस्कृत गर्ने निर्णय गरियो । साथै गाउपालिका क्षेत्र भित्रका विद्यालय शिक्षक ३,स्वास्थ्य संस्थाहरुवाट कम्तिमा १ जना स्वास्थ्य कर्मी,७ जना महिला स्वा.स्व.सेविका,७ जना उत्कृष्ट किसानलाई उत्कृष्ठ कर्मचारी १ सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं ३४**

अव्यवस्थित वसोवास भएका ठाँउहरुमा व्यवस्थित वसोवास र जग्गाधनि प्रमाण पुर्जाका लागी सम्वन्धित ठाँउमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

सम्मरीमाई गाउपालिका भित्र संचालित सहकारी, गैर सरकारी संस्था, आमा समुह ,क्लबहरुले गाउपालिकामा अनिवार्य रुपले दर्ता गरेरमात्र संचालन गर्नुपर्ने र प्रत्येकआ.व. को असोज मसान्त भित्र लेखा परिक्षण गरी नविकरण गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं. ३६

योजना तथा कार्यक्रम संचालन सम्वन्धमा वैशाख मसान्त पछि कुनै पनि योजना सम्झौता नगर्ने र आषाढ १५ सम्म फरफारक नगरेमा स्वत सम्झौता रद्ध हुने निर्णय गरियो ।

निर्णय नं. ३७

नया सडक निर्माण गर्दा अनिवार्य रुपमा गाउपालिका बाट स्वीकृती लिनु पर्ने र सडक दुवै तर्फ १,१ फुट नालि छाडेर न्युनतम २० फुट हुनेगरि व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३८**

राष्ट्रिय भवन निर्माण संहिता २०६० र भवन निर्माण सम्वन्धि मापदण्ड २०७२ वमोजिमको मापदण्ड अनुसारको घर तथा भवनहरु निर्माण गरिने छ । कृषी क्षेत्रमा टाउन प्लानको लागि स्वीकृती नदिने । र जथाभावी सडकको ट्रयाक खोल्ननदिने निर्णय गरियो ।

**निर्णय नं. ३९**

कृषि सेवा केन्द्र र पशु सेवा प्रशार केन्द्र स्थापना गरि आवश्यक जनशक्ति व्यवस्था मिलाई सेवा दिन पहल गरिने निर्णय गरियो ।

**निर्णय नं ४०**

गाउसभाको तयारीको लागि यस पालिकामा कार्यरत कर्मचारीहरुले एक महिना सम्म विहान र साँझ समेत काम गर्नुपर्ने भएकोले परिषद तयारीमा खट्ने कर्मचारीहरुलाई एक महिनाको तलव वरावरको रकम भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४१**

सडक कालोपत्रे गर्दा lab test अनिवार्य गर्नुपर्ने भएकोले लागत स्टीमेटमै lab test को लागि लागत छुट्टाउने निर्णय गरियो ।

निर्णय नं.४२

सम्मरीमाई गाउपालिकालाई वातावरण मैत्री बनाउन तथा विपद व्यावस्थापन गर्नका लागि सम्बन्धीत निकाय संग समन्वय र सहकार्य गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय ४३

सम्मरीमाई गाउपालिकाको सडक गुरुयोजना तयारगर्ने निर्णय गरियो ।

निर्णय ४४

आर्थिक वर्ष ०७४।०७५ देखि यस सम्मरीमाई गाउपालिकाले साझेदारी कार्यक्रम संचालन गर्दा देहायका कर्याक्रमहरुलाई प्राथमिकता दिई अन्य संस्थाहरुसँग साझेदारी गर्ने निर्णय गरियो ।

तपशिल

१. व्यवसायिक कृषि कार्यक्रम (तरकारी, फलफुल,पशुपालन,माछा पालन) सम्मरीमाई वडा नं १ देखी ७

२. लघु उद्यम कार्यक्रम (दुग्ध उद्योग -पेडा,दही,खुवा,गुटपाक,ध्यू,पनिर,आईसकिम,चकलेट, काष्ठ उद्योग,सिलाई बुनाई, बुटिक, अचार, दालमोट, अगरवत्ती, मैनवत्ती, फाईवर झोला सम्मरीमाई वडा नं १ देखी ७

३. पर्यटन उद्यम (होमस्टे ,माछा पालन, गिफ्ट उद्यम , होटल कुक तालिम , पर्यटन पथ प्रर्द्धशन तथा भाषा प्रशिक्षण तालिम)सम्मरीमाई वडा नं १ देखी ७

४.युवाहरुलाई मो.सा.मर्मत,मोवईल मर्मत,तालिम संचालन गर्न सहकार्य गर्ने ।

निर्णय ४५

एक गाउ एक महत्वपुर्ण पार्कको अवधारणा अन्तरर्गत कुनै एक पार्कलाई स्तरोन्नती गरी विकास गर्ने निर्णय गरियो ।

निर्णय ४६

सम्मरीमाई गाउपालिकामा संचालित सहकारीहरु लाई व्यावसायिक कृषि क्षेत्रमा नतिजामुलक लगानी गर्नु पर्ने र एक सहकारी एक पहिचान कायम गर्ने निर्णय गरियो । नतिजामुलक सहकारी संग व्यावसायी कृषिमा सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं ४७

यस सम्मरीमाई गाउँपालिकाको संगठन संरचना र कर्मचारी विवरण देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

(क) गाउँपालिकामा रहने कमर्चचारीहरु संख्या

१. कार्यकारी अधिकृत (उपसचिव/शाखा अधिकृत) १

२. इन्जिनियर (सिभिल) १

३. प्रशासन सहायक (नायब सुब्बा/खरिदार) १

४. लेखापाल/सहलेखापाल १

५. सव इन्जिनियर (सिभिल) २

६. कम्प्यूटर अपरेटर / IT officer २

७. कार्यालय सहयोगी २

ख) गाउँपालिकाको वडामा रहने कर्मचारीहरु

१. वडा सचिव (नायब सुब्बा/खरिदार) १

२. प्रशासन सहायक । लेखा सहायक १

३ कार्यालय सहयोगी १

**निर्णय नं ४८**

यस सम्मरीमाई गाउपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई वर्षको २ पटक मूल्याकन गरि उनिहरुको कार्य क्षमता र मूल्याड.कन का आधारमा २० देखि ५० प्रतिशत सम्म प्रोत्साहन खर्च उपलव्ध गराउने निर्णय गरियो ।

**कार्यसम्पादन मूल्याकनका सूचकहरु**

| | |
|---|---|
| हाजिरी र समयपालन | ४० |
| नियमित प्रतिवेदन | ५ |
| अनुशासन र जावफदेहिता | ५ |
| सेवाग्राही प्रतिको व्यवहार | ५ |
| कार्यकक्षको सरसफाई ,व्यवस्थापन र पोशाक | १० |
| कार्य तत्परता र उत्सुकता | ५ |
| अतिरिक्त समयमा गरेको काम | २० |
| अभिलेख व्यवस्थापन | ५ |